(५) "सामुदायिक संस्था" भन्नाले सामुदायिक विकासको भावनाले अभिप्रेरित भई निश्चित प्रक्रिया अवलम्बन गरी प्रचलित कानूनबमोजिम स्थापना भएका समुदायस्तरका संस्था तथा स्थानीय निकायमा सूचीकृत भएका समुदायमा आधारित संस्थासमेतलाई जनाउँछ।

(६) "मन्त्रालय" भन्नाले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई जनाउँछ।

(७) "सम्बन्धित निकाय" भन्नाले मर्चवारीगाँउपालिकालाई बुझाउने छ।

(८) "अनुदान" भन्नाले नेपाल सरकारबाट गाँउपालिकालाई उपलब्ध हुने निःशर्त तथा सशर्त अनुदानका साथै विभिन्न मन्त्रालय, कार्यक्रम, विकास समिति, कोष र दातृनिकायबाट उपलब्ध हुने स्रोत समेतलाई जनाउँछ।

(९) "सामाजिक परीक्षण" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१ (१) र सामाजिक परीक्षण कार्यविधि, २०६३ मा उल्लेख भएअनुसारको सामाजिक जिम्मेवारीको लेखाजोखालाई जनाउँछ ।

## ३) उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरु

सामान्यतया बढि जटिल प्राविधिक पक्ष समावेश नभएका, मेशिनरी औजारको प्रयोग नहुने, उपभोक्ता समितिको तर्फबाट नगद सहभागिता जुट्ने देहाय बमोजिमका कार्यहरु प्रचलित कानूनले उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न पाउने बजेटको सिमाभित्र रही उपभोक्ता समिति मार्फत सञ्चालन गर्न प्राथमिकता दिइने छ।

१) सामुदायिक संस्था, उपभोक्ता समिति वा समूह, गैर सरकारी संस्था तथा वडावासीको आफ्नै स्रोतबाट सञ्चालन हुने आयोजना वा कार्यक्रम,
२) गाँउपालिकासंगको लागत सहभागितामा सञ्चालन हुने आयोजना वा कार्यक्रम,
३) गाँउपालिकाको आफ्नै लागतमा सञ्चालन हुने आयोजना वा कार्यक्रम,
४) उपभोक्ताले लागत सहभागिता जुटाउने योजनाहरु,
५) जनसहभागिता जुट्न सक्ने श्रममुलक योजनाहरु,
६) गरीवि निवारणमा प्रत्यक्षरुपमा संवन्धित योजनाहरु
७) दलित, पिछडिएका जनजाति, अपाङ्ग तथा महिलाका लागि संचालित आयोजनाहरु।
८) विद्यालय, स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकी, भवन निर्माण, स-साना कल्भर्ट, पुल पुलेसा, पहिरो रोकथाम, नदि नियन्त्रण, सार्वजनिक शौचालय निर्माण, वन संरक्षण विकास जस्ता आयोजनाहरु।

## ४) उपभोक्ता समितिको गठन

उपभोक्ता समितिको गठन देहाय बमोजिम हुनेछ :

१) उपभोक्ता समितिको गठन सम्बन्धित आयोजना स्थलमै आयोजनाबाट लाभ प्राप्त गर्ने लाभान्वित जनसमुदायको आमभेलाबाट गर्नु पर्नेछ। स्थानीय तहको योजनाको जानकारी उपभोक्तालाई गाँउपालिका तथा वडा कार्यालयबाट गराउनु पर्दछ।

केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष